दशरथचन्द नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खलंगा गढी, बैतडी
७ न.प्रदेश नेपाल
☎ ०९५- ५२०२४१
५२०१७१
५२०४७१

पत्रसंख्याः- ०७४/७५
चलानी नम्बरः-

## सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकासित २०७४/९/१८**

यस दशरथचन्द नगरपालिकाको वडा नं. १ गोठलापानी स्थित बसपार्क पार्किङ शुल्क उठाउने प्रयोजनका लागि देहाय बमोजिमका शर्तहरुको अधिनमा रहने गरि भाँडामा लिन इच्छुक संघ संस्था तथा व्यक्तिहरुले यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोल पत्र पेश गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फराम रु.३००।- पछि फिर्ता नहुने गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने धरौटी यस कार्यालयको रा.बा. बैकं स्थित हि.नं. ग-३ स्थानीय धरौटी खातामा जम्मा गरेको सक्कलै भाउचर पेश गर्नु पर्ने छ ।
३. पार्किङ शुल्कको न्यूनतम मासिक कबोल अंक रु. १०००००।- (एक लाख) कायम गरिएको छ । सबै भन्दा बढी कबोल गर्ने लाई पहिलो प्राथमिकता दिइनेछ ।
४. सवारी साधनबाट पार्किङ शुल्क बाफतको रकम लिदाप्रति जीपबाट दैनिक रु. २०।- (बीस) र प्रति बस बाट रु. ५०।- (पचास) भन्दा बढी रकम लिन पाईने छैन ।
५. पार्किङ शुल्कको रकम लिदा सवारी साधनहरुबाट दैनिक रुपमा एकचोटी मात्र लिन पाईने छ ।
६. बसपार्कको दैनिक सरसफाईको जिम्मेवारी भाडामा लिने पक्षले नै लिनु लिनु पर्ने छ ।
७. बसपार्कमा रहेको शौचालयको सरसफाई लगायत सम्पूर्ण जिम्मेवारी भाडामा लिने पक्षले नै लिनु पर्नेछ ।
८. बसपार्कको साईड छेउमा फुल रोप्न तथा बृक्षारोपण गर्ने कार्य भाडामा लिने पक्षले नै गर्नु पर्ने छ ।
९. बसपार्क भाडाको सम्झौता अवधी २०७५ असाढ मसान्त सम्म हुनेछ ।
१०. सम्झौता गर्न आउदा आफुले कबोल गरेको अकंको दुई महिनाको हुन आउने भाडा रकम अग्रीम जम्मा गरेमा मात्र सम्झौता गर्न सकिने छ ।
११. निर्धारित समय भित्र पर्न आएका बोलपत्रहरु अन्तिम मितिको दिनको २ बजे यस कार्यालयमा खालिने छ ।
१२. बोलपत्र कबोल गरेको दर अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
१३. सिलबन्दी बोलपत्रको खाम बाहिर स्पस्ट रुपले पाकिङ शुल्क भाडा सम्बन्धी शिलबन्दी खाम भनी लेख्नु पर्ने छ ।
१४. प्राप्त बोपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१५. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
१६. यसमा उल्लेखित कुराहरु यसै बमोजिम र अन्य कुरा प्रचलित कानुन बमोजिम हुने छ ।
१७. सम्झौता बमोजिमका कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । ठेकेदारको कमजोरीको कारणबाट कर उठाउन नसकेमा कार्यालयमा मिनाहा, क्षतिपुर्ति अथवा कुनै किसमको दाबी गर्न पाईने छैन ।
१८. ठेकेदारले सम्बन्धित आय संकलन गर्ने क्षेत्रको राम्रो संग हेरी बुझी मात्रै बोलपत्र दाखिला र सम्झौता गर्नु पर्ने छ । राम्रो संग नबुझी सम्झौता गरी सके पछि सम्झौता अनुसारको रकम कार्यालयलाई बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुने छैन ।
१९. स्थानीय स्तरमा उठने विवादहरुको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत